निर्वाचन आयोग
Election Commission,Nepal.
जिल्ला निर्वाचन कार्यालय
**District Election Office**
ललितपुर, Lalitpur
PhoneNo.01-5524425
E-Mail: deo.lalitpur@election.gov.np

प.सं. ०७९/०८०
च.नं.:- १२४

मितिः २०७९/०६/०८

**श्री महालक्ष्मी नगरपालिका,**
**नगरकार्यपालिकाको कार्यालय,**
**इमाडोल, ललितपुर ।**

जिल्ला निर्वाचन कार्यालय, ललितपुर, २०७५

**विषयः- आवश्यक सहयोग गरि दिने सम्बन्धमा ।**

प्रस्तुत विषयमा निर्वाचन आयोगको मिति २०७९/०५/३१ को निर्णय बमोजिम २०७९ साल वैशाख ३० गते सम्पन्न भएको स्थानीय तह निर्वाचनमा उम्मेदवार भई कानून बमोजिम निर्वाचन खर्चको विवरण नबुझाउने उम्मेदवारहरुको सूची आयोगको वेभ साईडमा मिति २०७९/०६/०३ मा प्रकाशन भैसकेको छ । निर्वाचन खर्चको विवरण नबुझाउने १३३ (एक सय तेत्तिस) जना उम्मेदवारहरुको नाम नामेसी सहितको विवरण Soft Copy यसै पत्रसाथ ताहाँ पठाईएको छ । उक्त नामनामेसी सबैले देख्ने गरी ताहाँ नगरपालिकाको Website मा र सूचना पाटीमा प्रकाशन गरि सोको रितपूर्वकको मुचुल्का ५ (पाँच) दिन भित्रमा यस कार्यलयको ईमेल ठेगाना deo.lalitpur@election.gov.np मा पठाई जरिवाना भएको रकम असूल उपर गराउने तर्फ आवश्यक सहयोग गरीदिनु हुन अनुरोध छ । साथै आयोगले तोकेको जरिवाना रकम बुझाउन आएमा देहाय बमोजिम आवश्यक सहयोग गरिदिनु हुन समेत अनुरोध छ ।

**देहायः**

१. राष्ट्रिय वाणिज्य बैंक लि. को राजश्व दाखिला फाराम (अनुसूची २४) भर्ने (२ प्रति) ।
२. कार्यालयको कोड : २१२००३५०१
३. कार्यालयको नाम : निर्वाचन आयोग, नेपाल ।
४. राजश्व शीर्षक नं. १४३१२

२०७९/०६/०८
गोमा धमला घिमिरे
(जिल्ला निर्वाचन अधिकारी)